"राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः** निजीकरण (पहिलो संशोधन) विधेयक,२०८१

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार)

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१. | मा. तुल प्रसाद विश्वकर्मा | ०२. | मा. मदन कुमारी शाह (गरिमा), मा. झक्कु प्रसाद सुवेदी, मा. गोपी बहादुर सार्की आछामी, मा. गोमा देवी तिमल्सिना, मा. तारामान स्वार र मा. सावित्री मल्ल |

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. तुल प्रसाद विश्वकर्मा | २ | | | | झिक्नु पर्ने। |
| २. | मा. तुल प्रसाद विश्वकर्मा | ३ | | | | दफा ३ झिकी विधेयकको ठाउँ-ठाउँमा रहेका "सार्वजनिक प्रतिष्ठानमा रहेका सरकारी लगानी" र "सार्वजनिक प्रतिष्ठानमा रहेका सरकारी लगानी व्यवस्थापन" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ३. | मा. मदन कुमारी शाह (गरिमा) सहितका मा. सदस्यहरू | ४ | (१) | | | खण्ड (क) को सट्टा प्रस्तावित खण्ड (क) मा "अर्थ समिति (प्रतिनिधि सभा) को सुझाव समेतलाई ध्यानमा राखी" भन्ने शब्दहरू थप्नु पर्ने। |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ४. | मा. तुल प्रसाद विश्वकर्मा | ४ | (१) र (२) | | | दुवै उपदफा झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |
| ५. | मा. मदन कुमारी शाह (गरिमा) सहितका मा. सदस्यहरू | ४ | (२) | | | "खण्ड (ख१) थपिएको छ" भन्ने शब्दहरूको सट्टा "खण्ड (ख१), (ख२), (ख३) र (ख४) थपिएका छन्" भन्ने शब्दहरू राखी,-<br>(१) थप्न प्रस्तावित खण्ड (ख१) को अन्त्यमा "र त्यस्तो प्रतिष्ठान पहिचानका क्रममा प्रतिष्ठान सम्बद्ध स्थानीय समुदाय, श्रमिक सहितका सबै सरोकारवालाहरूसँग सार्वजनिक परामर्श गर्नु पर्ने" भन्ने शब्दहरू थप्नु पर्ने।<br>(२) थप्न प्रस्तावित खण्ड (ख१) पछि देहायका "(ख२), (ख३) र (ख४)" थप्नु पर्नेः-<br>"(ख२) रणनीतिक खालका ठूला उत्पादन र सेवा दिने प्रतिष्ठान निजी क्षेत्रलाई दिइने छैन।<br>(ख३) खण्ड (ख२) अनुसारका प्रतिष्ठानहरूमा विदेशी पुँजी लगानी गरी व्यवस्थापन गर्दा त्यसले देशलाई नवउपनिवेश नबनाओस् भन्ने तर्फ गहिरो अध्ययन र अनुसन्धान गर्नु पर्नेछ।<br>(ख४) प्रतिष्ठानको जमिनको स्वामित्व निजी क्षेत्रलाई बिक्री गरिने छैन।" |
| ६. | मा. मदन कुमारी शाह (गरिमा) सहितका मा. सदस्यहरू | ९ | (१) | | | खण्ड (क) को सट्टा प्रस्तावित खण्ड (क) को प्रतिबन्धात्मक वाक्य मा रहेका "सम्भव भएसम्म" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ७. | मा. मदन कुमारी शाह (गरिमा) सहितका मा. सदस्यहरू | ११ | (१) | (ख) | | झिकी त्यसपछिको खण्डक्रम मिलाउनु पर्ने। |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ८. | मा. मदन कुमारी शाह (गरिमा) सहितका मा. सदस्यहरू | १२ | | | | "शब्दहरू राखिएका छन्" भन्ने शब्दहरूको सट्टा "शब्दहरू र "दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "दिनेछ" भन्ने शब्दहरू राखिएका छन्" भन्ने शब्दहरू राख्नु पर्ने। |

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क.सं. १ देखि ८ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

(नारायण प्रसाद दाहाल)
अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८१।१२।१३